स्वत: प्रकाशन

# रोल्पा नगरपालिका

आ.ब. २०८१/०८२ को पहिलो त्रैमासिक बुलेटिन

**तपाईलाई थाहा छ ?**

रोल्पा नगरपालिकाको बारेमा गुनासो गर्न चाहेमा कार्यालयभित्र गुनासो पेटिका राखिएको छ नि ..।

नगर प्रमुख वास च्याम्पियन (२) | ३ करोड ५६ लाख भत्तामा (६) | १३ करोड ६२ लाख २१ हजार खर्च (६)

वर्ष : २। अंक : ४। मिति : २०८१ साल मङ्सिर १७ सोमबार। Monday 02 Dec. 2024। **पृष्ठ संख्या : ६**

## त्रैमासिक बुलेटिनका सन्दर्भमा

रोल्पा नगरपालिकाबाट त्रैमासिक अवधिमा विकास निर्माण, सेवा प्रवाहको जानकारी र सुशासन कायम गर्ने सन्दर्भमा आ.व. २०८१/०८२ मा भएका गतिविधिहरुको संक्षिप्त जानकारी बुलेटिनको रुपमा प्रस्तुत गरेका छौं।

रोल्पा नगरपालिकाको तर्फबाट त्रैमासिक अवधिमा प्रकाशित पाँचौ बुलेटिन भएकाले सुझाव सल्लाह मार्ग निर्देशनको अपेक्षा गर्दछौं।

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत



रोल्पा नगरपालिका नव निर्मित प्रशासकीय भवन फोटो: देवी गुरुङ

## संरक्षक



सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख



गीता आचार्य
नगर उप प्रमुख




रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

## सम्पादन मण्डल

**संयोजक**
सुशिल कुमार थापा
योजना शाखा प्रमुख

**सदस्यहरु**
श्री टंकबहादुर गिरी
श्री महेन्द्र पुन
श्री सुदिप डाँगी
श्री कर्णबहादुर पुन
श्री हरिबहादुर केसी
श्री रेशमकुमार आचार्य
श्री बसन्त गिरी
श्री धर्मराज डाँगी
श्री प्रमिला घर्तीमगर
श्री पवित्रा बुढामगर

**सह-सम्पादन/डिजाइन**
टेकबहादुर बिक
एमआईएस अपरेटर




JCB
विकास निर्माणमा
रोल्पा नगरपालिका जहाँपनि
जहिले पनि...

# प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा



देवी गुरुङ (प्रेस संयोजक)

रोल्पा नगरपालिकाको प्रशासकीय भवन निर्माणको अन्तिम चरणमा पुगेको छ। प्रशासकीय भवनको ९० प्रतिशत भौतिक प्रगति र ७० प्रतिशत बित्तिय प्रगति भएको रोल्पा नगरपालिका लेखाशाखा प्रमुख बसन्त गिरीले जानकारी दिनुभयो। प्रशासकीय भवन रोल्पा नगरपालिका २ पिपलचौतारा नजिकै निर्माण भएको छ।



## रोल्पा नगरपालिका पशुसेवा शाखाको गतिविधि

पशु सेवा शाखा

रोल्पा नगरपालिकाको पशुसेवा शाखाले कृषकहरुको मागका आधारमा नगरका १ सय ३३ जना कृषकहरुलाई घाँसको बिउ वितरण गरेको छ। जैघाँस र बर्षिमघाँसको बिउ बितरण गरेको हो।

यसैगरी रोल्पा नगरपालिका वडा नम्बर १, २,३ र ४ नम्बर वडाहरुमा घरपालुवा तथा सामुदायिक कुकुरहरुलाई रेबिज बिरुद्धको खोप लगाईएको छ। बजार ३९ वटा घरपालुवा तथा सामुदायिक कुकुरहरुलाई उक्त खोप लगाईएको हो।

**सम्पर्क :**

रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिबाङ, रोल्पा



फोन : ०८६४४००७१
वेव-साईट : rolpamun.gov.np
ईमेल : rolpanagarpalika@gmail.com
सुचना अधिकारी : सुशिल कुमार थापा

मिति २०८१ साल मङ्सिर १७ गते सोमबार
2024 Dec. 02 Monday

रोल्पा नगरपालिका
Rolpa Municipality
त्रैमासिक बुलेटिन

स्वत: प्रकाशन

# रोल्पा नगरपालिकाका प्रमुख घर्ती "वास च्याम्पियन" घोषित्

निशान आचार्य (वास फोकल पर्सन

खानेपानी, सरसफाइ र स्वच्छता (वास) सुशासनमा उत्कृष्ट काम गरेको भन्दै रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापा घर्तीलाई 'च्याम्पियन मेयर' घोषणा गरिएको छ । नेपाल नगरपालिका संघद्वारा कपिलवस्तुको चन्द्रौटामा आयोजित कार्यक्रममा खानेपानी, सरसफाइ तथा स्वच्छता सुशासनमा रोल्पा नगरपालिकाले उत्कृष्ट काम गरेको भन्दै रोल्पा नगरपालिकाका प्रमुख घर्तीलाई च्याम्पियन मेयर घोषणा गरिएको हो ।

उत्कृष्ट घोषणा गर्नुपूर्व संघले विभिन्न मापदण्डहरुमा अनुगमन तथा मूल्यांकन गरेको थियो । संघले संस्थागत विकास र क्षमता अभिवृद्धि, वास प्लान, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐनहरु, विद्यालय, स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाइ र स्वच्छता (वास) को व्यवस्था, वित्तिय व्यवस्थापन, कार्यान्वयन, अनुगमन र मूल्यांकन लगायतका विषयमा विभिन्न नगरपालिकाहरुको स्तरीकरण गरी विश्लेषण गरिएको थियो ।

सीमित स्रोत साधनका बाबजुद् पनि रोल्पा नगरपालिकाले वास क्षेत्रमा उल्लेख्य काम गरेको संघले जनाएको छ । संघले स्थानीय तह खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र सुशासन सुदृढीकरण कार्यक्रम अन्तर्गत उक्त मूल्यांकन सार्वजनिक गरेको हो । नगरपालिका संघका महासचिव तथा घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा संघका



कार्यकारी निर्देशक कलानिधि देवकोटाले भौतिक पूर्वाधारको विकाससँगै स्वच्छताको सन्दर्भमा पनि नगरपालिकाहरुले राम्रो काम गरेको बताउनुभयो । कार्यक्रमबारे प्रष्टिकरण दिँदै देवकोटाले स्वच्छताका काम पनि नगरपालिकाको महत्वपूर्ण क्षेत्र भएकाले संघले च्याम्पियनको योजना अघि सारेको

वास च्याम्पियनसिप कार्यक्रम
(चन्द्रौटा, कपिलवस्तु)

बताउनुभयो । उक्त कार्यक्रममा रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापा घर्ती, प्रमुख प्रशासकीय अधिकृत रमेश गौतम र वास फोकल पर्सन निशान आचार्यले रोल्पा नगरपालिकाले वासको क्षेत्रमा गरेको कामका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

# वडामा आधुनिक मौरीघार वितरण

देवी गुरुङ



रोल्पा नगरपालिकाको वडा नं. १ का विभिन्न बस्तीहरुलाई मौरी पकेट क्षेत्र बनाउने योजना अनुरुप आइतबार वडा नं. १ का कृषकहरुलाई आधुनिक मौरीघार वितरण गरिएको छ । मौरी पालनमा अग्रसर बन्दै गरेका स्थानीय कृषकको मागका आधारमा रोल्पा नगरपालिकाको ७५ प्रतिशत अनुदान रहने गरी ६९ वटा मौरीघार वितरण गरिएको रोल्पा नगरपालिका वडा नं. १ का अध्यक्ष खुमबहादुर थापाले जानकारी दिनुभयो । मौरी पकेट क्षेत्र अन्तर्गतको रु २ लाख बजेटबाट आधुनिक मौरी घार वितरण गरिएको हो ।



वितरण कार्यक्रममा बोल्दै रोल्पा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश गौतमले मौरी पालनमा कृषकहरु आकर्षित हुनु खुसीको कुरा भएको बताउँदै मौरीघार वितरणसँगै त्यसले कृषकको आयआर्जनलाई थप राहत पुगे नपुगेको विषयमा अनुगमन हुने बताउनुभयो । उहाँले नगरपालिकाले गरेको लगानीले प्रतिफल पनि दिने कुरामा आफूहरु विश्वस्त रहेको समेत बताउनुभयो ।

त्यस्तै वडा नं. १ का अध्यक्ष खुमबहादुर थापाले आफ्नो वडामा परम्परागत रुपमै मौरी पालन गर्दै आएको र त्यसलाई आधुनिक मौरीघार तथा मौरीका लागि आवश्यक पर्ने सम्पूर्ण वातावरणका लागि स्थानीय सरकारले सहयोग गरिरहेको बताउनुभयो । यसअघि वितरण गरिएका मौरीघारले कृषकलाई राम्रो आम्दानी दिइरहेको बताउँदै उहाँले मौरी पालनबाटै आर्थिक उपार्जनका लागि सबै लाग्नुपर्नेमा जोड दिनुभयो ।


कार्यक्रममा नगरपालिका योजना शाखा प्रमुख सुशील थापा, कृषि शाखा प्रमुख महेन्द्र पुन, कार्यपालिका सदस्य देबबहादुर वि.क, लेखा शाखा प्रमुख वसन्त गिरी लगायतको उपस्थिति रहेको थियो ।






# श्रम स्वीकृति नगरभित्रबाट

रोजगार सेवा केन्द्र (नगरपालिका)



रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट निर्माण गरिएको बाटो

रोल्पा नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ८ सय ७५ जना बेरोजगारीहरुको दर्ता अभियान सम्पन्न भएको छ । नेपाल सरकारले सर्वसाधरणलाई सहुलियत दिने उदेश्यका साथमा आफनै पालिकाबाट श्रम स्वीकृति गर्ने कार्यक्रम लिएको छ । हिजोका दिनमा काठमाण्डौंमा धाउनुपर्ने कार्य अब आफनै पालिकाहरुबाट प्रदान हुने भएपछि सेवाग्राही पनि हर्षित भएका छन । सोही अर्न्तगत रोल्पा नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रमबाटै हालसम्म १५ जनालाई श्रम स्वीकृति सेवा दिईएको छ । यसैगरी वैदेशिक रोजगारीमा गएका र त्यहाँ दुर्घटना घटेमा प्रदान गरिने आर्थिक सहायता कार्य एक जनालाई यो सेवा प्रवाह गरिएको छ । रोल्पा नगरपालिका वडा नम्बर १ का प्रकास वि.क.लाई वैदेशिक रोजगार विभागबाट प्रदान भएको रु ७ लाख आर्थिक सहायता सेवा प्रदान गरिएको हो ।

# सुरक्षित आप्रवासन(सामी) कार्यक्रम

शरद पोखेल (सामी कार्यक्रम)



*वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन*

संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरुलाई सक्षम बनाउन सहयोग गरि वैदेशिक रोजगारीको सबै चरणमा आप्रवासी कामदार र उनीहरुका परिवारको अवस्था सुधार गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ । कार्यक्रमको अपेक्षित उपलब्धि वैदेशिक रोजगारीमा रहेका महिला तथा पुरुष आप्रवासी कामदार र उनीहरुका परिवारको वैदेशिक रोजगारीबाट सिर्जित सामाजिक लागत न्यूनिकरण भई सामाजिक, आर्थिक लाभ अभिवृद्धि गरिने र राज्यका तीनै तह (संघ,प्रदेश र स्थानीय तह) का संयन्त्रहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाई वैदेशिक रोजगारीमा रहेका कामदार र उनीहरुका परिवारको उचित संरक्षण गरिने रहेकोछ। सूचना तथा परामर्श , न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीप मूलक तालिम कार्यक्रमको मुख्य क्रियाकलापहरु रहेका छन् ।

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा उपलब्धि मूलक बनाउन आप्रवासी श्रोत केन्द्र (सहायता कक्ष) रोल्पाबाट जिल्ला प्रशासन कार्यालय रोल्पामा राहदानी सम्बन्धि सेवा लिन आउने सेवा ग्राहिहरु लाई आवश्यक परामर्श सेवा प्रवाह गरिएको छ । महिला र पुरुष गरी १५ सय २९ जनाले यो सेवा लिएका छन् । त्यसैगरी न्यायमा पहुँच : वैदेशिक रोजगारीका सिलसिलामा समस्यामा परेका कामदारहरुको समस्यालाई समाधान गर्नका लागि सुरक्षित आप्रवासन(सामी) कार्यक्रम अन्तर्गत निशुल्क कानुनी सहजिकरण सेवा प्रवाह गर्ने गरिन्छ । जस अन्तर्गत आ.व.२०८१।०८२ को प्रथम चौमासीक अवधिमा आप्रवासी स्रोत केन्द्र २३ वटा केश रोल्पामा

> *रोल्पाबाट जिल्ला प्रशासन कार्यालय रोल्पामा राहदानी सम्बन्धि सेवा लिन आउने सेवा ग्राहिहरु लाई आवश्यक परामर्श सेवा प्रवाह गरिएकोछ । महिला र पुरुष गरी १५ सय २९ जनाले यो सेवा लिएका छन् ।*

छन्। त्यसैगरी आर्थिक सहायता (GOSI) मा समाधान भएका र प्रकृयामा रहेका गरी जम्मा १० वटा केशहरु रहेका छन् । समाधान भएका केशहरुबाट पिडितले प्राप्त गरेको आर्थिक सहायता रु ३९ लाख ४५ हजार रुपैया) रहेको छ। भने वित्तीय साक्षरता वैदेशिक रोजगारी बाट प्राप्त भएको विप्रेषणको सहि सदुपयोग गरि उत्पादन मूलक क्षेत्रमा लगानी गर्ने, उद्यमशिल बनाउने साथै पारिवारीक खर्च व्यवस्थापन गर्ने क्षमताको विकास गर्ने उद्देश्यका साथ वैदेशिक रोजगारीमा रहेका घर परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता सम्बन्धि २१ हप्ताको कक्षा संञ्चालन भएका छन्। सुरक्षित आप्रवासन(सामी) कार्यक्रम कार्यान्वयन समितिको मिति २०८१ साल कार्तिक ११ गतेको बैठकबाट रोल्पा नगरपालिकाको वडा नं ६ र वडा नं १० मा आ.व. २०८१।०८२ मा वित्तीय साक्षरता कक्षाका लागि वडा छनौट भएको थियो । जस अन्तर्गत वडा नं६ को धावाङमा फुलबारी वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा तेस्रो हप्ताको कक्षा सम्पन्न भै सकेको छ भने वडा नं १० मा सुनवाङमा सुनवाङ धवाङ वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षाको पहिलो सत्रको कक्षा सम्पन्न भएको छ ।

> कर्मचारी अभावका कारण काम भएन भन्ने अवस्था रोल्पा नगरपालिकामा गुनासो रहेको छैन ।

## प्रशासन शाखा विशेष

# के गर्दैछ रोल्पा नगरपालिकाको प्रशासन शाखा

सुदिप डाँगी अधिकृत (प्रशासन शाखा)






अधिकृत सुदिप डाँगी अनुगमन गर्दै र अखाद्य तथा म्याद गुज्रेका सामानहरु नष्ट गर्दै नेपाल प्रहरीसँग नगर प्रहरी

रोल्पा नगरपालिकाले दैनिक प्रशासनिक कार्य तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि नगरमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई वडा तोकेर वडाहरुमा खटाएको छ। वडा कार्यालयहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि प्रत्येक महिनाको सुरुवाति दिनमा नगरपालिकाको कार्यालयमा वडा सचिवसंग मासिक प्रगतिको समिक्षा समेत गर्ने गरीएकोछ । मासिक प्रगतिको आधारमा प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखाबाट सुधार र थप प्रगतिको सुझाव समेत पेश गर्ने गरीएको छ । रोल्पा नगरपालिकाले सुशासन तथा संस्थागत क्षमता विकास तर्फ इलेक्ट्रिसियन, मिनि टि्लर लगायतका तालिम सञ्चालनका लागि आवेदन संकलन गरी तालिम सञ्चालनको तयारी समेत गरेको छ । यि र यस्ता तालिमबाट स्वदेशमा स्वरोजगार र विदेशमा मर्यादित रोजगारी पाउने समेत अपेक्षा गरिएको छ । आ.व. २०८१/०८२ को सुशासन तथा संस्थागत क्षमता विकास तर्फ सरकारी सेवा प्रवेश तयारी कक्षा सञ्चालनका लागि आवेदन आह्वान गरिएको छ। नगरपालिकामा रिक्त रहेका विभिन्न प्राविधिक तथा कार्यक्रम तर्फका पदहरु समेत आवश्यक कानूनी प्रकृया पुऱ्याएर पदपूर्ति गरिएको छ। कर्मचारी अभावका कारण काम भएन भन्ने अवस्था रोल्पा नगरपालिकामा भएन भन्ने गुनासो रहेको छैन । नगरपालिकामा रहेको कर्मचारी जनशक्तिलाई वडामा खटाएर वडा बाटै सेवा प्रवाहलाई प्रभावकारी बनाइएको छ।

रोल्पा नगरपालिका प्रशासन शाखाकै व्यवस्थापन तथा अगुवाईमामा चाडपर्वका अवसरमा बजार अनुगमन भई करिब ८० हजार बराबरको अखाद्य तथा म्याद गुज्रेका सामानहरु नष्ट गरएको छ । बजार क्षेत्रमा नगर उप प्रमुख श्री गिता आचार्य ज्यूको नेतृत्वमा छड्के अनुगमन गरिएको र आगामी दिनमा बजार अनुगमन टोलीले नियमित अनुगमन गर्ने छ ।

त्यसैगरी रोल्पा नगरपालिकाको प्रशासन शाखाका अधिकृत सुदिप डाँगीको संयोजकत्वमा जिन्सी अनुगमन कार्य भई नगरपालिका र नगरपालिकाका १० वटै वडा कार्यालयको जिन्सी सामाग्रीको विवरण र वर्तमान अवस्थाबारे प्रतिवेदन समेत पेश गरिएको छ।

विविध

# रोल्पा नगरपालिका गतिविधि

रोल्पा नगरपालिका

बिहान ठिक १० बजे राष्ट्रिय गानबाट कार्यालय शुभारम्भ हुन्छ । सबै कर्मचारीहरुले हाजिर गर्ने काम हुन्छ। सबैले हाजिर गरिसकेपछि आ-आफ्नो शाखामा गएर हिजोको काम के थियो आज के गर्ने र भोलीको लागि कस्तो कार्य गर्ने भन्ने बारेमा शाखाबाट कार्यको दैनिक पाठ योजना हुन्छ । त्यसपछि बल्ल १०: १५ बजे पछि मात्र सेवा ग्राहीहरु तर्फ कर्मचारी उत्तरदायित्व हुने गर्दछन्। सेवाग्राहीहरुलाई सके सम्म छिटो छरितो र कुनै बाधा अप्ठ्यारो नपर्नेगरी सहज ढगले सेवाग्राहीको कार्यमा तल्लिन रहेका हुन्छन्। विगतमा जे भयो अबका दिनमा "कर्मचारी तपाई हो म तपाईहरुको सेवाग्राही म हुँ" भन्ने विचारका साथ दैनिकी बिताउने गर्दछन् ।

१० वटा वडा रहेको नगरपालिकामा वडाका कर्मचारी नभएपनि वडाको काम रोकि सेवा ग्राहीको काम रोकिएको हुँदैन । किनकी कुनै एक वडाका कर्मचारी बिदामा भएको अवस्थामा पनि अर्को वडा तथा नगरपालिकाबाट वडाको कार्य सम्हाल्ने जिम्मा तोकिएको हुन्छ । चाहे त्यो पञ्जिकरणको काम होस चाहे त्यो राजश्व संकलनको कार्य होस् जुनसकै अवस्थामा पनि जनताको कार्यमा प्रतिवद्ध भै रोल्पा नगरको सेवा र विकासमा लागि परेको छ। कुनै बेला प्रमुख प्रशासकीय अधिकृत बाहिर रहेको अवस्थामा पनि आर्थिक बाहेक सबै किसिमका कार्यहरु सहज ढंगले निमित्तबाट कार्य सचालन हुन्छ । दर्ता चलानी देखि लिएर नगरका कुनै पनि शाखाले आफ्नो जिम्मेवारीको कार्यहरु निरन्तर चलिरहेका हुन्छन्। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता जस्ता कार्यहरु वडा तथा शाखाबाट सहज ढंगले गरिदै आएको छ। पशु सेवा शाखाबाट उन्तत जातका गाई भैसी अनुदानमा खरिद भएका छन भने कृषककै बारीमा गएर कृषि प्राविधिकहरुबाट सहजै तवरले बाली-नालीमा लाग्ने रोगको पहिचान गरि कृषकलाई सेवा दिईदै छ । विद्युत सूचना तथा संचारलाई मध्य नजर गर्दै सेवा विस्तार तथा जडानमा सहकार्य गर्दै अगाडि बढिरहेको छ । आगलागी हुन गएमा दमकलको सुविधा सुविधा समेत रहेकोछ। हाल सैनिक व्यारेक रोल्पामा रहेको छ ।

अर्को तर्फ नगरले विभिन्न किसिमका व्यवसाय पनि संचालन गरिरहेको छ । किसानहरुका लागि डेरी सचालन छ। पर्यटन प्रवर्द्धनका लागि २ जना नगर प्रहरी खटाएर सातदोबाटोमा भ्यूटावरको हेरफेर भईरहेको छ। आइतबार कृषि हाटबजार लाग्ने गर्दछ जसले किसान र जनतालाई ताजा तरकारी किन्ने बेच्ने बातावरण मिलाईदिएको छ । अर्को तर्फ विकास निर्माणतर्फ रोल्पा नगरपालिकामा २ वटा (स्काभेटर)जेसेभि रहेका छन् । जसबाट बाटो तथा अन्य सार्वजनिक स्थानमा काम परेको बेला तत्काल प्रयोग गरिने गरिन्छ। नगरले हाल आफ्नै कृषि एम्बुलेन्स खरिद गरेको छ। जसले अबदेखि कृषकको तरकारीहरुलाई सहज ढंगले बजार सम्म पुऱ्याएर विक्रि वितरणमा सहयोग गर्ने छ ।

सबै वडामा दक्ष प्राविधिक खटाईएको छ । स्वास्थ्य सेवामा सबै किसिमका ओषधि सहित स्वास्थ्य कर्मीको व्यवस्था गरिएको छ । विद्यालयमा उचित किसिमका विद्यालय शिक्षकहरुको व्यवस्था गरिएको छ। विद्यार्थिहरुका लागि छात्रवृत्तीको व्यवस्था गरिएको छ। सिप तथा क्षमता विकासका कार्यहरु बर्षै पिच्छे संचालन छन् । अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुका लागि स्वास्थ्य विमाको व्यवस्था गरिएको छ। जनताको सूविधाको लागि एक घर एक फाईलको व्यवस्था गरिएकोछ। जनताकै सुविधाको लागि स्वच्छ खानेपानीको व्यवस्था गर्दै र गरिदै आएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिने रोजगारीको व्यवस्था रहिआएको छ । वैदशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि नगरबाट नै श्रम स्वीकृती गरिदै आएको छ। उज्यालो नगर कार्यक्रम अन्तर्गत लिबाङ बजारभित्र ठुला लाईट जडान गरि उज्यालो बनाईएको छ । जनतालाई हिड्डुल गर्न सहज भएको छ ।

त्यसैले यि सबै कार्यले भोलिका दिनमा रोल्पा नगरपालिका अझ विश्वासको पात्र बन्ने आशा राख्दछौ ।

- जुनसुकै अवस्थामा पनि जनताको कार्यमा प्रतिवद्ध भै रोल्पा नगर सेवा र विकासमा लागि परेको छ ।

- रोल्पा नगरपालिकामा २ वटा (स्काभेटर)जेसेभि सञ्चालन छ । बाटो तथा अन्य सार्वजनिक संरचना तयार गर्न कटिबद्ध रहेको छ, आफ्नै कृषि एम्बुलेन्स खरिद गरेको छ ।

# रोल्पा नगरपालिका कृषि शाखाको गतिविधि

कृषि शाखा (गौरव चौधरी)

रोल्पा नगरपालिका वडा नम्बर १ लाई मौरी पकेट क्षेत्र घोषणा गरेसँगै यस वडामा विभिन्न गतिविधिहरु सक्रिय रुपमा अघि बढिरहेको छ ।

आधुनिक मौरीघार वितरण, विभिन्न प्रकारका हातेऔजार तथा तालिमहरु प्रदान गरिएका छन । १ नम्बर वडामा आधुनिक मौरीघार ६९ वटा वितरण गरिएको छ । मौरीसहितको घार ६ नम्बर वडामा वितरण गरिएको छ । गहुँको उन्नत बिउ उत्पादनको लागि १० क्वीन्टल गहुँको विउ रोल्पा नगरपालिका ७ नम्बर वडाका तिन वटा समुह र सहकारीलाई वितरण गरिएको छ । रोल्पा नगरपालिका वडा नम्बर ७ लाई तरकारी पकेट क्षेत्र घोषणा गरिएसँगै त्यसक्षेत्रमा तरकारीको बिउ वितरण गरिएको छ । जसमा मूला, रायो, केराउ, प्याजको बिउ आदि वितरण गरिएको छ ।

रोल्पा नगरपालिकाका विभिन्न क्षेत्रमा बालि उपचारका लागि कृषि प्राविधिकहरु निरन्तर खटिरहेका छन ।

## आवेदन आह्वान गरिएको बारे सूचना !

रोल्पा नगरपालिका
Rolpa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
लिबाङ, रोल्पा
Libang, Rolpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

**निःशुल्क सरकारी सेवा प्रवेश तयारी कक्षा (लोक सेवा/शिक्षक सेवा) का लागि पुन: आवेदन आह्वान गरिएको बारे सूचना**

मिति: २०८१/०८/१६ (ने.सं. ११४५)

रोल्पा नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमबाट सुशासन तथा संस्थागत क्षमता विकास तर्फ सरकारी सेवा प्रवेश तयारी कक्षा (**शिक्षक सेवा/लोक सेवा**) शिर्षकमा बजेट विनियोजन भएकोमा, **सुशासन तथा संस्थागत क्षमता विकास समितिको** मिति २०८१/०७/०५ को निर्णय अनुसार सरकारी सेवा प्रवेश तयारी कक्षा (**लोक सेवा/शिक्षक सेवा**) सञ्चालनका लागि आवेदन आह्वान गरिएकोमा आवश्यक संख्या भन्दा न्युन आवेदन प्राप्त भएकाले सुशासन तथा संस्थागत क्षमता विकास समतिको मिति २०८१/०८/१४ को निर्णय अनुसार प्राप्त आवेदनलाई यथावत राखी पुन: आवेदन आह्वान गरिएको हुँदा योग्यता पुगेका ईच्छुक नागरिकहरुबाट आवेदन आह्वान गरिएको छ ।

- **६० दिने लोक सेवा तयारी कक्षा:-**
  - ✓ **पढाई हुने कोर्ष:** नायब सुब्बा/खरिदार (प्रदेश तथा स्थानीय तहको सहायक चौथो र पाँचौ तह) ।
  - ✓ **पढाई हुने विषय:** प्रथम पत्र (सामान्य सचेतना र सामान्य बौद्धिक परीक्षण) र द्वितीय पत्र (लिखित)
  - ✓ **आवश्यक संख्या:** ५० (पचास जना) उक्त संख्या भन्दा बढी आवेदन प्राप्त भएमा प्रवेश परीक्षा सञ्चालन हुनेछ ।
  - ✓ **आवश्यक न्युनतम शैक्षिक योग्यता:** कम्तिमा SLC/SEE/TSLC मा २ जिपिए भन्दा बढी ल्याई उत्तीर्ण गरेको ।
  - ✓ **उमेर:** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । (महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको)
  - ✓ रोल्पा नगरपालिकामा रहेका क्याम्पस/कलेज/विद्यालयहरुमा अध्ययन गरिरहेका रोल्पा जिल्लाका अन्य पालिकाका विद्यार्थीहरुका लागि कुल संख्याको २० प्रतिशत सहभागि गराईने ।
- **३० दिने शिक्षक सेवा तयारी कक्षा:-**
  - ✓ **पढाई हुने कोर्ष:** निम्नमाध्यामिक र प्राथमिक तह शिक्षक ।
  - ✓ **पढाई हुने विषय:** प्रथम पत्र (सामान्य सचेतना र सामान्य बौद्धिक परीक्षण)
  - ✓ **आवश्यक संख्या:** ५० (पचास जना) उक्त संख्या भन्दा बढी आवेदन प्राप्त भएमा प्रवेश परीक्षा सञ्चालन हुनेछ ।
  - ✓ **आवश्यक न्युनतम शैक्षिक योग्यता:** शिक्षाशास्त्र संकायमा कम्तिमा +२ उत्तिर्ण गरेको ।
  - ✓ **उमेर:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
  - ✓ रोल्पा नगरपालिकामा रहेका क्याम्पस/कलेज/विद्यालयहरुमा अध्ययन गरिरहेका रोल्पा जिल्लाका अन्य पालिकाका विद्यार्थीहरुका लागि कुल संख्याको २० प्रतिशत सहभागि गराईने ।
- **आवश्यक कागजात-**
  - ✓ नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति-१ प्रति,
  - ✓ शैक्षिक योग्यताको प्रमाणपत्रको छाँयाप्रति-१/१ प्रति,
  - ✓ शिक्षक सेवा तयारीको हकमा अध्यापन अनुमति पत्रको छाँयाप्रति-१ प्रति,
  - ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र । (**एक वडाको एकमुष्ट रुपमा भएपनि हुने**/नगरपालिका बाहिरको विद्यार्थीको हकमा सम्बन्धित क्याम्पस/कलेजको सिफारिस पत्र)
- **अन्य जानकारी:-**
  - ✓ **आवेदन दिने अवधि:** मिति २०८१/०८/१७ देखि मिति २०८१/०९/०१ सम्म ।
  - ✓ **स्थान:** रोल्पा नगरपालिका, प्रशासन शाखा ।
  - ✓ **थप जानकारीका लागि सम्पर्क व्यक्ति:** सुशासन तथा संस्थागत क्षमता विकास समितिका सदस्य सचिव अधिकृत **श्री सुदिप डाँगी**, सम्पर्क मोबाईल नं. **९८४८२९८११४** ।

सुदिप डाँगी
प्रशासकीय अधिकृत
प्रशासकीय अधिकृत

**बोधार्थ:-**
**श्री** सूचना प्रविधि शाखा, रोल्पा नगरपालिका । (वेबसाईट र फेसबुक पेजमा अपलोड गर्नुहुन ।)
**श्री** १० वटै वडा कार्यालय, रोल्पा नगरपालिका, रोल्पा । (वडामा सूचना गरीदिनुहुन ।)

**आफ्नो सम्पत्ती र व्यवसायको कर समयमै तिर्ने गरौं । अनाबश्यक जरिवानाबाट बचौं ।**

**राजश्व शाखा**

# निशुल्क परिवार नियोजन शिविर

स्वास्थ्य शाखा (रोल्पा नगरपालिका)



स्वास्थ्य कर्मीलाई टिका र खाडा लगाएर स्वागत गर्दै उप प्रमुख गीता आचार्य र प्रमुख प्रशासकीय अधिकृत रमेश गौतम

बृहत नि: शुल्क परिवार नियोजन सेवाको रोल्पा अस्पतालमा उदघाटन सम्पन्न भएको छ। स्वास्थ्य कार्यालय रोल्पाको आयोजना र सुनौलो परिवार नेपाल मेरिस्टोप्स इन्टरनेशनलको प्राविधिक सहयोग तथा रोल्पा नगरपालिकाको सहकार्यमा सन्तानको रहर पुगेका दम्पत्तिहरुको लागि परिवार नियोजन स्थायी बन्ध्याकरण महिलाहरुका लागि मिनिल्याप र पुरुषहरुका लागि भ्यासेक्टोमी शिविरको आयोजना भएको हो। बुधबार एक दिने शिविरको अध्यक्षता रोल्पा नगर उपप्रमुख गिता आर्चायले गर्नुभएको थियो।

शिविरमा आएका डा. सल्मान मनसुरी, डा. सन्तोष यादव, क्याम्पका प्रमुख ज्योती लामा, उर्मिला सुवाल, स्वस्तिका सिङ, सावित्रा तिमिल्सीना लगायतका स्वास्थ्यकर्मीहरुलाई नगर उपप्रमुख गिता आर्चाय र प्रमुख प्रशासकीय अधिकृत रमेश गौतमले खादा तथा टिका लगाएर स्वागत गर्नुभएको थियो।

जिल्ला समन्वय समितिका प्रमुख सिता आर्चायको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी खिमबहादुर रायमाझी, अस्पतालका मेसु डा. प्रमोद कटटेल लगायतले शुभकामना मनतब्य राख्नुभएको थियो। स्वास्थ्य कार्यालय रोल्पाका प्रमुख बिशाल सुवेदीको स्वागत मनतब्यबाट शुरुभएको कार्यक्रमको सञ्चालन कार्यालयका जितबहादुर डाँगीले गर्नुभएको थियो। बुधबार भएको शिविरमा रोल्पा नगरपालिकाका करिब ३४ जनाले सेवाका लागि नाम दर्ता गरेको जसमा २१ जनाले मिनिल्याप र १३ जनाले भ्यासेक्टोमी सेवा लिने रोल्पा नगरपालिका स्वास्थ्य शाखा प्रमुख टंकबहादुर गिरीले जानकारी दिनुभयो। शिविरमा बन्ध्याकरण सेवा लिएका सेवाग्राहीहरुलाई घरसम्म पुर्याउनका लागि स्वास्थ्य कार्यालय रोल्पा, रेउघा अस्पताल र रोल्पा नगरपालिकाले संयुक्तरुपमा जिम्मेवारी लिएर सेवा प्रवाह गरेका छन।

उदघाटन कार्यक्रममा स्वास्थ्यकर्मी, सेवाग्राही, सञ्चारकर्मी,विभिन्न सरोकारवालाहरुको सहभागिता रहेको थियो। यो शिविर जिल्लाका सबै पालिकाहरुको सहकार्यमा सबै पालिकाहरुमा सञ्चालन भएको थियो।

यसै बिच स्वास्थ्य शाखाबाट आर्थिक बर्ष २०८१/०८२ सम्म गरिएका मुख्य मुख्य कार्यहरु आ.ब. २०८१/०८२ को बार्षिक समिक्षा कार्यक्रम गरेको छ। त्यसैगरी १२ बर्षमाथिकालाई कोभिड भ्याक्सिन प्रदान गरेको, आत्महत्या रोकथाम दिवस १० वटै वडामा सम्पन्न गरेको, जंकोट स्वास्थचौकीमा BNMT नेपालको आर्थिक सहयोगमा स्वास्थ्यचौकीको बर्थिङ सेन्टर मर्मतकार्य सम्पन्न भएको छ।

# लैङ्गिक हिंसा अन्त्यका लागि १६ दिने अभियान

महिला तथा बालबालिका शाखा



दिप प्रज्वलनमा उपस्थित अतिथिहरु

देवि गुरुङ
प्रेस संयोजक

"हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यवद्धता" भन्ने मुल नाराका साथमा १० डिसेम्बर सम्म चलिरहेको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको आज उदघाटन गरिएको छ। रोल्पा नगरपालिकाको आयोजनामा लिबाङ स्थित टुडिखेल नजिकैको मञ्चमा द्बिप प्रज्वलन गरेर कार्यक्रमको उदघाटन गरिएको हो। १६ दिनसम्म विभिन्न सचेतनामुलक कार्यक्रमहरु गरेर लैगिंक हिंसा बिरुद्धको दिवस रोल्पा नगरपालिकाले मनाउने बताएको छ। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रमेश गौतमले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने महिला तथा बालबालिका शाखाका प्रमिला घर्तीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो। कार्यक्रममा जिल्ला समन्वय प्रमुख सिता आर्चाय, नगर प्रमुख सुरेन्द्र थापा घर्ती, प्रमुख जिल्ला अधिकारी खिमबहादुर रायमाझी, प्रहरी नायब उपरिक्षक भरत लामा, रोल्पा नगरपालिका ४ नम्बर वडा अध्यक्ष मित्रलाल गुरुङ, जिल्लाका विभिन्न सरकारी तथा गैर सरकारी कार्यालय प्रमुखप्रतिनिधिहरु,विभिन्न सरोकारवाला निकायहरुको सहभागितामा द्बिप प्रज्वलन कार्यक्रम भएको थियो ।

यसैगरी आर्थिक बर्षमा रोल्पा नगरपालिका महिला तथा बालबालिका शाखाले ३२२ जना सहिद परिवार, घाईते , अपांग, बिपन्न ग र घ बर्गका अपांगता भएका ब्यक्तिहरुको निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सम्पन्न गरेको छ।
त्यसैगरी

रोल्पा नगरपालिकाद्वारा खरिद गरिएको कृषि एम्बुलेन्स जसले अबदेखि नगरवासी कृषकहरुको व्यवसायीलाई थप राहत पुऱ्याउने छ।






रोल्पा नगरपालिकाद्वारा बजार अनुगमन गर्दै : देवि गुरुङ

फोन : ०८६४४००७१
ईमेल : rolpanagarpalika@gmail.com

शाखा विशेष | रोल्पा नगरपालिका त्रैमासिक बुलेटिन | विविध

# पहिलो त्रैमासिकमा ३ करोड ५६ लाख भत्ता वितरण

मनकुमारी घर्तीमगर (सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा)

साउन, भदौ र असोज महिनाको पहिलो त्रैमासिक अवधिमा रोल्पा नगरपालिका अन्तर्गतका १० वटै वडाका ६ हजार १ सय जना लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

आर्थिक बर्षको पहिलो त्रैमासिक अवधिमामात्र रोल्पा नगरपालिकाबाट ३ करोड ५६ लाख ३९ लाख ३ सय ५७ रुपैया लाभग्राहीको खातामा गएको छ। जेष्ठ नागरिक ६८ बर्ष माथि १६९४ जना लाभग्राहीले २ करोड १ लाख ६६ हजार ८ सय ८० रुपैया, जेष्ठ नागरिक दलित २७० जना लाभग्राहीले २ करोड १० लाख ९ हजार ३ सय ८०, जेष्ठ नागरिक एकल महिला २९१ जनाले २ करोड ३१ लाख ९ हजार ५ सय २०, विधवा ६५६ जनाले ५१ लाख ९७ हजार ६ सय ४०, पुर्ण अपाङ्गता २२ जना रहेका छन् जसबाट २ लाख ६३ हजार ३ सय ४० रुपैया सामाजिक सुरक्षा भत्ता वितरण भएको छ। त्यसैगरी अति अशक्त अपाङ्गता १५६ जनाले १० लाख २ हजार २ सय ८८, क्षेत्र तोकिएका बालबालिका २४६६ जना बाट ३७ लाख ५८ हजार २८, र दलित बालबालिका ५४४ जनाले ८ लाख २२ हजार २ सय ८१ रुपैया सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका हुन्। त्यसैगरी नगरका १० वटै वडाबाट ७१९६ जनाको अनलाईन घटना दर्ता भएका छन्।

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | २०७ | १९५ | ४०२ | ६७ | ६१ | १२८ | १५ | १७६ | ३ | १० | २१ | ८५ | ७४५ |
| २ | १३९ | १३५ | २७४ | ४७ | ३६ | ८३ | १९ | ११५ | ४२ | १९० | १५ | ५९ | ५४८ |
| ३ | १६३ | १४३ | ३०६ | ४८ | ५४ | १०२ | ७ | १०६ | १ | ४ | १४ | ४३ | ५३६ |
| ४ | ११५ | ८५ | २०० | ४४ | २९ | ७३ | १५ | १०४ | २५ | १२२ | १३ | ४३ | ४३० |
| ५ | २१३ | २०१ | ४१४ | २९ | २३ | ५२ | ११ | १४४ | ७ | २० | २६ | ९२ | ६५४ |
| ६ | १९६ | १९२ | ३८८ | ६४ | ५५ | ११९ | २३ | १६३ | ८ | २० | २५ | १०१ | ७२६ |
| ७ | १७५ | १८७ | ३६२ | ५६ | ४६ | १०२ | १६ | १२६ | ३८ | १६३ | ३७ | १२५ | ६८१ |
| ८ | १७७ | १५६ | ३३३ | ५१ | ४६ | ९७ | १७ | १३० | ८ | ३१ | ६३ | २७९ | ६४८ |
| ९ | २३६ | २३५ | ४७१ | १०२ | ७८ | १८० | १७ | १९५ | ४ | १७ | ६२ | २३८ | ९२९ |
| १० | ३९७ | ४१७ | ८१४ | १०५ | ८६ | १९१ | १७ | २५१ | २ | ३ | २४ | १०३ | १२९९ |
| जम्मा | २०१८ | १९४६ | ३९६४ | ६१३ | ५१४ | ११२७ | १५७ | १५१० | १३८ | ५८० | ३०० | ११६८ | ७१९६ |

स्रोत : राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग

# १३ करोड ६२ लाख २१ हजार खर्च

राजीव बुढामगर (आर्थिक प्रशासन शाखा)

रोल्पा नगरपालिकाबाट आ.व.२०८१/८२ मा जम्मा रु.७९ करोड ९२ लाख ४३ हजार रुपैया मात्र बजेट विनियोजन भएकोमा आर्थिक वर्षको प्रथम चौमासिकसम्ममा रु. १३ करोड ६२ लाख २१ हजार रुपैया खर्च भएको छ।

कुल बजेटको १७.०४ प्रतिशत खर्च भएको हो। चालु खर्चतर्फ रु. १२ करोड २० लाख ४५ हजार रुपैया मात्र र पुजिगततर्फ रु. १ करोड ४७ लाख ७७ हजार रुपैया खर्च भएको छ। त्यसै गरी आर्थिक विकासतर्फ विनियोजित बजेटको ३.८९ प्रतिशत सामाजिक विकासतर्फ १७.६९ प्रतिशत पूर्वाधार विकासतर्फ २६.१५ प्रतिशत सुशासनतर्फ ४.४५ प्रतिशत कार्यालय सन्चालनतर्फ १७.५६ प्रतिशत र सामाजिक सुरक्षातर्फ २४.६६ प्रतिशत खर्च भएको छ।

# योजनाहरुको सम्झौता

योजना शाखा (रोल्पा नगरपालिका)

रोल्पा नगरपालिकाले समयमै योजनाका कामहरु सम्पन्न गर्ने उद्देश्यका साथमा वडामै पुगेर विभिन्न योजनाहरुको सम्झौता गर्ने कार्य जारी राखेको छ।



नगरपालिकाले वडा नम्बर ३ को खुमेल, वडा नं. ८ जंकोट र वडा नम्बर ६ कोटगाउँको वडा कार्यालयमा पुगेर योजनाहरुको सम्झौता गरेको छ। प्रमुख प्रशासकीय अधिकृत रमेश गौतम, योजना शाखा प्रमुख सुशिल थापा, लेखा प्रमुख बसन्त गिरी, प्राविधिक प्रमुख रेशम आर्चाय लगायतको टोलिले वडामा पुगेर उपभोक्ताहरुसँग छलफल गरेर योजनाहरुको सम्झौता कार्य गर्नुभएको छ। विकासे बजेटहरुलाई समयमै काम शुरु गर्ने र समयै समापन गर्ने उद्देश्यका साथमा अभियान थालिएको हो। नगरपालिकाले बाँकीरहेका सबै वडाहरुमा पुगेर सम्झौता कार्यलाई सम्पन्न गर्नेछ।

# स्वागत कार्यक्रम

रोल्पा नगरपालिका



रोल्पा नगरपालिकाले युनिसेफ, नेपाल नगरपालिका महासंघ, खानेपानी तथा ढल निकास विभागका प्राविधिक हरुलाई स्वागत गरेको छ। एक कार्यक्रमका बिचमा नगर प्रमुख सुरेन्द्र थापा घर्ती र प्रमुख प्रशासकीय अधिकृत रमेश गौतमले खानेपानी तथा ढल व्यवस्थापन विभागका वासएक्सपट डा. रन्जीत ओझा, युनिसेफका राकेश मल्लिक, खानेपानी तथा ढल व्यवस्थापनका बलराम मायाँलु, बिजु डंगोल, कृष्ण जिसी, बिभुषण कार्की, लक्ष्मण उपाध्याय, मिलन जोशी लगायतलाई स्वागत गर्नुभएको हो।